# राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९

स्वीकृत मितिः २०७९/०८/०७

वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ को प्रयोजनको लागि आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधारका आयोजनाहरुको छनौट एवम् कार्यान्वयन कार्यलाई सहज, समयवद्व र प्रभावकारी बनाउन राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने कार्यको लागि यो मापदण्ड तयार गरी जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस मापदण्डको नाम "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड २०७९" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

**(क) राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना** भन्नाले सरकारी वा सार्वजनिक निजी साझेदारीमा संचालन हुने विकास आयोजनालाई सम्झनु पर्दछ।

**(ख) विकास आयोजना** भन्नाले वन ऐन, २०७६ को दफा ४२ बमोजिम वन क्षेत्र प्रयोग गर्न अनुमती प्राप्त गरेको विकास आयोजना सम्झनु पर्छ र सो शव्दले ऐनको दफा ४३ बमोजिम खनिज पदार्थ उत्खनन गरी प्रशोधन र बिक्रि वितरण गर्न नेपाल सरकारको सम्वन्धित निकायबाट स्वीकृती प्राप्त आयोजनालाई समेत सम्झनुपर्दछ।

**(ग) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग** भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ९ मा उल्लेखित उद्योगहरुलाई सम्झनु पर्छ।

३. **राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना हुन पुग्नु पर्ने न्यूनतम मापदण्डः** कुनै विकास आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त भनी निर्धारण गर्दा तपसिल अनुसारको मापदण्ड पुगेको हुनु पर्नेछः

(क) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

(ख) श्रोत/लगानी सुनिश्चितताको प्रमाण भएको,

(ग) चालु आवधिक योजनाले राष्ट्रिय प्राथमिकता निर्धारण गरेको क्षेत्र भित्र परेको,

(घ) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको पत्र,

(ङ) सम्बन्धित मन्त्रालयको सचिवस्तरीय निर्णय।

४. **निर्णय प्रक्रियाः** दफा ३ को प्रक्रिया पुगेको कुनै आयोजना राष्ट्रिय प्राथमिकता भएको नभएको निर्धारण देहाय अनुसार हुनेछः

(क) राष्ट्रिय योजना आयोगले हरेक वर्ष स्वीकृत गर्ने मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा उल्लेखित पहिलो प्राथमिकता (P1) र दोस्रो प्राथमिकता (P2) आयोजनाहरु राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना रहेको व्यहोरा वन तथा वातावरण मन्त्रालय लगायत सबै मन्त्रालयमा जानकारी गराउने। यी आयोजनाहरुको हकमा सम्बन्धित मन्त्रालयहरुले वन तथा वातावरण मन्त्रालयमा सिफारिश गर्ने।

(ख) आयोगले प्रत्येक वर्षस्वीकृत गर्ने वार्षिक विकास कार्यक्रममा उल्लेखित पहिलो प्राथमिकता (P1) र दोस्रो प्राथमिकता (P2) आयोजनाहरु बाहेकका राष्ट्रिय आयोजना बैंकमा सुचिकृत भई विश्लेषण भएका आयोजनाहरुका हकमा विषय क्षेत्र हेर्ने राष्ट्रिय योजना आयोगका सदस्यको सिफारिसमा आयोगले आवश्यकताको आधारमा राष्ट्रिय प्राथमिकता भए/नभएको निर्धारण गर्नेछ।

(ग) प्रादेशिक प्राथमिकतामा रहेको आयोजनालाई राष्ट्रिय प्राथमिकता भएको नभएको निर्धारण गर्नुपर्ने भएमा सम्बन्धित प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयको निर्णय सहित सिफारिस भएमा राष्ट्रिय योजना आयोगको सम्वद्ध क्षेत्र हेर्ने सदस्यको सिफारिसमा आयोगले आवश्यकताको आधारमा राष्ट्रिय प्राथमिकता भए/नभएको निर्धारण गर्नेछ।

(घ) स्थानीय तहको प्राथमिकतामा रहेका आयोजनालाई राष्ट्रिय प्राथमिकता भए नभएको निर्धारण गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको गाउँ/नगरसभाबाट स्वीकृत भएका र सोही तहले सिफारिस गरेपश्चात संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त भएमा राष्ट्रिय योजना आयोगको सम्वद्ध विषय क्षेत्र हेर्ने सदस्यको सिफारिसमा आयोगले राष्ट्रिय प्राथमिकता भए/नभएको निर्धारण गर्नेछ।

(ङ) गैरसरकारी क्षेत्र वा सामाजिक विकासका लागि समुदायबाट संचालन गर्ने रु दश करोड भन्दा बढी लागतका आयोजनाको हकमा आयोजना संचालन गर्ने स्थानीय तहको

कार्यपालिकाबाट निर्णय गरी सोही तहले सिफारिस गरेपश्चात संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त भएमा राष्ट्रिय योजना आयोगको सम्वद्द क्षेत्र हेर्ने सदस्यको सिफारिसमा आयोगले राष्ट्रिय प्राथमिकता भए/नभएको निर्धारण गर्नेछ।

(च) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगले वन क्षेत्र प्रयोग गर्न स्वीकृती माग गरेमा उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले स्वीकृती दिनेछ।

५. खारेजी र बचाऊः

(क) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५ खारेज गरिएको छ।

(ख) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५ अनुसार भए गरिएका कार्यहरु यसै मापदण्ड अनुसार गरिएको मानिनेछ।